चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com

प.सं.: २०७९/०८०
च.नं. : १०६६

मिति : २०७९/१०/०६

**विषय : कार्ययोजना स्वीकृत र आय रकम जम्मा गर्ने सम्बन्धमा ।**

**श्री सामुदायिक वन उपभोक्ता समितिहरू (सबै)**
**चौरजहारी नगरपालिका रुकुम (पश्चिम) ।**

उपर्युक्त विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्य योजना बनाउने र उक्त कार्ययोजना नगरपालिकाबाट स्वीकृत गराइ वन पैदावारको विक्रीबाट प्राप्त कुल आयको १० प्रतिशत रकम नगरपालिकाको कोषमा जम्मा गर्नुपर्ने व्यवस्थाबमोजिम चौरजहारी नगरपालिका नगर कार्यपालिकाको मिति २०७९ पुस २६ गतेको निर्णयानुसार यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका सामुदायिक वनहरूले आर्थिक वर्ष २०७९/०८० को कार्ययोजना पेस गरी नगरपालिकाबाट स्वीकृत गराउनुका साथै आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण नगरेको भए तत्काल लेखापरीक्षण गराइ प्रतिवेदनमा उल्लेख भएबमोजिम प्राप्त कुल आयको १० प्रतिशतले हुन आउने रकम सबै सामुदायिक वन उपभोक्ता समितिहरूले अनिवार्य रुपमा २०७९ माघ मसान्तभित्र राष्ट्रिय वाणिज्य बैङ्क चौरजहारी शाखामा रहेको चौरजहारी नगरपालिकाको आन्तरिक राजश्व खाता नं. ४३३०१००३०१०१०००२ मा जम्मा गरी सोको जानकारी यस नगर कार्यपालिकाको कार्यालयमा दिनुहुन अनुरोध छ । कार्ययोजना स्वीकृत नगर्ने तथा आय रकम नियमानुसार बुझाउन अटेरी गरेमा आवश्यक कारबाहीका लागि सिफारिस भइ जाने व्यहोरा समेत यसै पत्रमार्फत् जानकारी गराइन्छ ।

२०७९/१०/६

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत